# मंगला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बाबियाचौर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

प.सं : २०७७/०७८
च.नं : ३८८

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

*प्रथम पटक सूचना प्रकाशित मिति २०७७/०७/०५*

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प.सं. २०७७/७८, च.नं.१२६, मिति २०७७/०५/२३ र सामाजिक विकास मन्त्रालयको प.सं. २०७७/७८ च.नं. ३७६, मिति २०७७/०५/२९ को प्राप्त पत्रानुसार हाल विश्व कोरोना भाइरस (कोभिड-१९) को संक्रमण फैलिने क्रम अझै बढ्दो स्थिति सिर्जना हुन सक्ने सन्दर्भमा संक्रमित बिरामीहरुलाई अस्पतालमा बेडको अभाव देखिन सक्ने भएकोले एक स्थानीय तहमा कम्तीमा ५ बेडको अस्पताल सञ्चालनको लागि आवश्यक बेड लगायत उपकरण र जनशक्ति व्यवस्थापनको प्रयोजनार्थ स्थानीय तहमा कोभिड-१९ अस्थायी अस्पताल सञ्चालन सम्बन्धी मार्गदर्शन २०७७ मा उल्लेख भए बमोजिम, तपशिल बमोजिमको पदमा करार सेवामा देहायको संख्यामा देहायको योग्यता भएका कर्मचारी अस्थायी पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र दरखास्त पेश गर्नुहुन जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**आवश्यक पद ;**

१. मेडिकल अफिसर- १ जना
२. स्टाफ नर्स- २ जना
३. कार्यालय सहयोगी- १ जना

**पद सम्बन्धी विवरण ;**

१. परीक्षाको किसिम ; (लिखित र मौखिक दुवै) ।
२. परीक्षाको दस्तुर ; स्वास्थ्य आठौं तहको लागि रु. १०००।- पाँचौं तहको लागि रु. ७००।- र कार्यालय सहयोगीको लागि रु. ५००।-
३. दरखास्त दस्तुर बुझाउने स्थान ; प्रभु बैंक, बाबियाचौर शाखामा रहेको आन्तरिक राजश्व खाता नं. १५००११०३०९३००१०१ मा वा मंगला गाउँपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।
४. दरखास्त दिने अन्तिम मिति ; २०७७/०७/१९ गते ।
५. उम्मेदवारको उमेरको हद ; १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
६. पदमा रही गर्नुपर्ने कामको विवरण ; सेवा समुह सम्बन्धी ।
७. तलब ; मंगला गाउँपालिकाको निर्णयानुसार ।
८. काम गर्नुपर्ने स्थान ; यस कार्यालयले तोके बमोजिम ।
९. पाठ्यक्रम ; स्वास्थ्य सेवाको कर्मचारीहरुको लागि लोकसेवा आयोगले सम्बन्धित विषयका लागि तयार पारेको पाठ्यक्रम ।
१०. फारम पाइने स्थान ; गाउँ कार्यपालिकाको प्रशासन शाखा, बाबियाचौर म्याग्दी ।
११. सम्पर्क मिति ; २०७७/०७/२० गते ।
१२. लिखित परीक्षा मिति ; सम्पर्क मितिमा तोकिनेछ ।

**आवश्यक न्यूनतम शैक्षिक योग्यता**

क. मेडिकल अधिकृतको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ । विदेशी शैक्षिक संस्थाबाट उत्तीर्ण गरेकाको हकमा नेपाली इक्विभ्यालेन्ट सर्टिफिकेट र काउन्सिलको दर्ता नं. अनिवार्य हुनेछ ।
ख. स्टाफ नर्स पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्र.प्र.तह उत्तीर्ण गरि नेपाली नर्सिङ परिषदमा दर्ता भएको हुनुपर्नेछ ।
ग. कार्यालय सहयोगी पदको लागि एस.ई.ई.वा सो सरह उत्तीर्ण हुनुपर्नेछ ।

१३. दरखास्त साथ शैक्षिक योग्यताको प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाणपत्र आदिको प्रतिलिपिको पछाडि व्यक्ति स्वयंले सक्कल बमोजिम नक्कल ठीक छ भनि प्रमाणित गरेको हुनुपर्नेछ ।
१४. करार अवधि ; ३ महिना सम्म ।
१५. दरखास्त फारम र सूचना एवम् थप जानकारीका लागि स्वास्थ्य संयोजक ९८४८२४६८३६, प्रमुख प्रशासकीय अधिकृत ९८५७६४२६४२, सूचना अधिकारी ९८५७६४२९४२ वा वेबसाइट mangalamun.gov.np वा फेसबुक पेज मंगला गाउँपलिका गाउँ कार्यपालिकाको कार्यालयमा हेर्न सकिनेछ ।
१६. रित नपुगी प्राप्त भएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।